# प्रेममा साँचो बोल्दै

भल्यूम १ "प्रेममा साँचो बोल्दै हामी सबै कुराहरूमा उहाँसम्म बढौं, जो शिर हुनुहुन्छ" - एफेसी ४:१५ अंक २४


"आकाश र पृथ्वी बितिजानेछन्, तर मेरा वचनहरू कुनै रीतिले बित्नेछैनन्।"

मत्ती २४:३५

## बाइबल लोप हुनेछ भन्ने 'भविष्यवाणी'

प्रभावशाली फ्रान्सेली लेखक र दार्शनिक भोल्तेयर (१६६४–१७७८) ले आफ्नो जीवनको अधिकांश समय इसाईमतको उपहास गर्न र बाइबलको अधिकारलाई कमजोर पार्न बिताए। उनले ख्रीष्टियन विश्वासलाई "त्यो घृणित अन्ध-विश्वास" भन्दै निन्दा गर्थे। आफ्ना मित्रहरूलाई लेख्ने प्रायः हरेक पत्रको अन्त्यमा उनले *Écrasez l'infâme* अर्थात् "त्यो घृणित वस्तुलाई नष्ट गर" भन्ने वाक्यांश लेख्थे।



उनले ढुक्क-साथ इसाईमत र बाइबल चाँडै इतिहासबाट लोप हुने भविष्यवाणी गरेका थिए। तर उनको मृत्यु भएको केही दशकभित्रै उनले बसोबास गरेको घर नै बाइबलहरू भण्डारण र वितरण गर्ने स्थान बन्यो। निरन्तर विरोधका बाबजुद पनि पवित्र शास्त्र बाइबलको अमिट प्रभावलाई उजागर गर्ने यो इतिहासको एउटा रोचक मोड हो।

## पवित्रशास्त्र बाइबल

*"सबै पवित्रशास्त्र परमेश्वरको प्रेरणाद्वारा दिइएको हो"* (२ तिमोथी ३:१६)। सुरुदेखि नै एउटा कुरा बुझ्नुपर्छ—बाइबललाई आधा मात्र विश्वास गर्न मिल्दैन। पवित्रशास्त्रको केही अंश स्वीकार गर्ने र केही अंश अस्वीकार गर्ने छुट हामीलाई छैन। यो या त "मानिसको वचन" हो, या "परमेश्वरको वचन"। त्यसैले तपाईं कहाँ उभिनुभएको छ, सावधान हुनुहोस्। तपाईंको विश्वास बाइबलको अधिकारमा या त अटल रूपमा टिकेको हुन्छ, या पूर्णतः ढल्छ। परमेश्वरद्वारा प्रेरित भएको पवित्रशास्त्र अचल चट्टान हो; तर बाइबलको ईश्वरीय प्रेरणाबारे मानिसका विचारहरू भने दलदलजस्तो अस्थिर बालुवा हुन्।

*"यस्तो लेखिएको छ"* (मत्ती ४:४)। कुनै पनि भाषामा यीभन्दा महान् शब्दहरू छैनन्। तिनले सिकाउँछन् कि जीवनका सबै प्रश्न र आचरणका लागि पवित्रशास्त्र नै अन्तिम अधिकार हो। के तपाईं घमण्ड, स्वार्थ वा कुनै दुष्ट अभिलाषाको परीक्षामा पर्नुभएको छ? त्यसलाई यही उत्तर दिनुहोस्—"यस्तो लेखिएको छ..."। पवित्रशास्त्रलाई पवित्र आत्माको तरवारका रूपमा निरन्तर प्रयोग गर्नुहोस्। शैतानको सामना गर्ने र आफ्नै आत्मालाई सान्त्वना दिने अर्को कुनै उपाय छैन।

*"आकाश र पृथ्वी बितिजानेछन्, तर मेरा वचनहरू कुनै रीतिले बित्नेछैनन्"* (मत्ती २४:३५)। आलोचकलाई सोध्नुहोस्—बाइबल किन कहिल्यै पुरानो हुँदैन? अन्य पुस्तकहरू समयसँगै अप्रासङ्गिक बन्छन्। उत्कृष्ट साहित्यिक कृतिहरूलाई समेत आधुनिक रुचिअनुसार संशोधन र काटछाँट गर्नुपर्ने हुन्छ। तर किन वृद्ध र युवा दुवैले आज पनि उस्तै आनन्दका साथ भजनसंग्रह वा पुरानो नियमका घटनाहरू पढ्छन्? यसको एउटै उत्तर छ—परमेश्वरको वचन अनन्त छ। त्यसैले, जबसम्म यसको महान् र उन्नत सेवकाइ जारी रहन्छ, तबसम्म हामीले यसलाई कहिल्यै त्याग्नु हुँदैन।

- A. Gabelein




© 2026 WORDOFTRUTH.COM.NP

# परमेश्वरले संसारमा के गर्दै हुनुहुन्छ?

अध्याय ६ [४ मध्ये भाग ३]

## कान्ट, हेगेल र श्लाइअरमाखरका दर्शनहरू

अठारौँ शताब्दीको उत्तरार्धदेखि उन्नाइसौँ शताब्दीसम्म शैतानले तर्कवाद, अनुभववाद र देववादले तयार पारेको आधुनिक सत्यत्यागको जगमाथि एउटा नयाँ संरचना निर्माण गर्न थाल्यो। यस संरचनाको निर्माणमा प्रयोग गरिएका आधारभूत सामग्रीहरू कान्ट, हेगेल र श्लाइअरमाखरका दर्शनहरू थिए।

### कान्ट (१७२४–१८०४)

कान्टले मानिसको ज्ञान उसको इन्द्रियहरूले अनुभव गर्न सक्ने कुरासम्म मात्र सीमित हुन्छ भनी सिकाए। मानिसले आफ्ना इन्द्रियहरूले अनुभव गरेका कुराहरू मात्र जान्न सक्ने भएकाले, विशेष ईश्वरीय प्रकाशद्वारा प्राप्त हुने ज्ञान भन्ने कुनै कुरा हुँदैन। अर्को शब्दमा भन्नुपर्दा, विशेष प्रकाश भन्ने कुरा नै छैन। धार्मिक विश्वासहरू केवल सबै मानिसमा समान रूपमा पाइने कर्तव्यबोध वा नैतिक नियमको सार्वभौमिक अवधारणामाथि मात्र आधारित हुन सक्छ। अर्थात्, परमेश्वर र आत्मिक विषयहरूसम्बन्धी मानिसको बुझाइ उसको दैनिक नैतिक अनुभवबाट उत्पन्न हुनुपर्छ। यसरी कान्टको दर्शनले बाइबल परमेश्वरबाट मानिसलाई दिइएको विशेष प्रकाश हो भन्ने विश्वासलाई अस्वीकार गर्‍यो।

### हेगेल

१८३१ मा मृत्यु भएका हेगेलले ख्रीष्टियन धर्मको वास्तविक सार त्यसका महान् विचारहरूमा निहित छ, ती विचारहरूको जन्म गराउने ऐतिहासिक घटनाहरूमा होइन, भनी सिकाए। वास्तवमा ती विचारहरू ऐतिहासिक तथ्यहरूमा आधारित छन् वा छैनन् भन्ने कुरा महत्त्वपूर्ण छैन। त्यसैले, ख्रीष्टियन धर्मका विचारहरू बाइबलबाट आएका भए पनि, तिनीहरूको सत्यता बाइबलको ऐतिहासिक विश्वसनीयतामा निर्भर हुँदैन। यसरी हेगेलका अनुसार, साँचो ख्रीष्टियन विश्वासका लागि त्रुटिरहित बाइबल आवश्यक छैन।

### श्लाइअरमाखर (१७६८–१८३४)

श्लाइअरमाखरले साँचो धर्म विश्वास वा पवित्रशास्त्रीय प्रणाली अथवा नैतिक नियमहरूको पालनामा नभई "परमेश्वरसँगको प्रत्यक्ष अनुभूतिमूलक सम्बन्ध" मा निहित छ भन्ने प्रस्ताव गरे। त्यसैले सिद्धान्त र आचरणका मापदण्डहरू गौण भए। सबैभन्दा महत्त्वपूर्ण कुरा व्यक्तिगत धार्मिक अनुभव हो। बाइबल परमेश्वरद्वारा प्रेरित निर्देशनको पुस्तक होइन; बरु मानिसको धार्मिक अनुभवको व्याख्या मात्र हो। त्यसैले श्लाइअरमाखरका अनुसार, बाइबल विश्वास र व्यवहारको अन्तिम अधिकार होइन। जीवित धार्मिक अनुभव नै अन्तिम अधिकार हो।

## विनाशकारी आलोचनाको विकास

धार्मिक अधिकार र ईश्वरीय प्रकाशसम्बन्धी यी नयाँ दर्शनहरूले बाइबलमाथिको विनाशकारी उच्च आलोचनाको विकासका लागि बाटो खोलिदिए। श्लाइअरमाखरले आफ्नो कार्य पूरा गर्दै गर्दा यो आन्दोलन देखा पर्न थालिसकेको थियो।

प्रोटेस्टेन्ट विद्वानहरूले बाइबल परमेश्वरद्वारा प्रेरित, अचूक र त्रुटिरहित अभिलेख हो भन्ने विश्वास त्याग्न थाले। यसको सट्टा, उनीहरूले बाइबल मानिसको धार्मिक चेतनाको विकासको अभिलेख मात्र हो भन्ने विचार अघि सारे। यस दृष्टिकोणअनुसार, पवित्रशास्त्रमा केही ऐतिहासिक मूल्य त छ, तर त्यसमा परमेश्वर र मानिसप्रतिको उहाँको इच्छाबारे परस्पर विरोधी धारणाहरू, किंवदन्तीहरू, काल्पनिक कथाहरू, त्रुटिहरू र अन्तर्विरोधहरू प्रशस्त छन्।

विद्वानहरूले बाइबललाई अन्य कुनै साहित्यिक कृतिजस्तै मूल्याङ्कन गर्न थाले। उनीहरूले विशेष गरी सृष्टि, जलप्रलय र इस्राएल राष्ट्रको उत्पत्तिसम्बन्धी पुरानो नियमका विवरणहरूको विश्वसनीयतामाथि प्रश्न उठाए। कतिपयले सुसमाचारका पुस्तकहरूमा ऐतिहासिक येशूको जीवनको सही विवरण पाइँदैन भन्ने निष्कर्ष निकाले। त्यसैले, चर्चले पछि उहाँमाथि र उहाँका कार्यहरूमाथि थपथाप गरेका व्याख्याहरूबाट येशूका वास्तविक वचन र चरित्रलाई छुट्ट्याउनुपर्छ भन्ने धारणा अघि सारियो। भविष्यवाणी र आश्चर्यकर्महरूलाई अविश्वसनीय ठहर गरियो। भविष्य, ईश्वर-शासित राज्य र अन्य अलौकिक शिक्षाहरूलाई अस्वीकार गरियो वा उन्नाइसौँ शताब्दीका विचारहरूको आधारमा पुनःव्याख्या गरियो।

यसरी, आफ्नो विद्रोह र अन्तिम पराजयको विवरण बाइबलमा स्पष्ट रूपमा दिइएको छ भन्ने थाहा पाएर, शैतानले त्यस पुस्तकलाई बदनाम गर्न भरमग्दुर प्रयास गर्‍यो। उसले विशेष गरी पवित्रशास्त्रका ती भागहरूमाथि


आक्रमण गऱ्यो, जहाँ मानिसको उत्पत्ति र पतन, उद्धारकर्ताको पहिलो प्रतिज्ञा, आफ्नो अन्तिम पराजयसम्बन्धी भविष्यवाणी, ईश्वर-शासित राज्यको स्थापना, र आफ्नो राज्यलाई नाश गरी परमेश्वरको राज्य स्थापना गर्न उद्धारकर्तासँग भएको अलौकिक शक्तिको वर्णन गरिएको छ।

## व्यापारिक मानसिकताको उदय

विज्ञानले नयाँ-नयाँ खोज र आविष्कारहरूलाई जन्म दियो, र औद्योगिक क्रान्तिले वस्तुहरूको व्यापक उत्पादन सम्भव बनायो। परिणामस्वरूप संसार अभूतपूर्व भौतिक समृद्धितर्फ तीव्र गतिमा अघि बढ्न थाल्यो। धेरै मानिसहरूले धनलाई आफ्नो देवता र भौतिकवादलाई आफ्नो जीवन-दर्शन बनाए। शैतानले व्यापारिक मानसिकतालाई आफ्नो एउटा हतियारका रूपमा प्रयोग गऱ्यो, जसका कारण मानिसहरू सांसारिक कुराहरूमा यति मग्न भए कि उनीहरूसित परमेश्वरको बारेमा वा यस जीवनपछिको आफ्नो अनन्त गन्तव्यको बारेमा सोच्ने समय नै रहेन।

## साम्यवादको जन्म

व्यापारिक मानसिकताले भौतिक समृद्धिको प्रतिज्ञा त गऱ्यो, तर त्यससँगै गम्भीर अन्यायहरू पनि ल्यायो। श्रमिकहरू प्रायः शोषणमा परे, किनकि उनीहरूका मालिकहरू उनीहरूकै श्रमबाट धनी बन्दै गए। अवस्था यति विकराल भयो कि समाज व्यवस्थामा परिवर्तन ल्याउन कसैले क्रान्तिको आह्वान गर्नु केवल समयको कुरा मात्र थियो। त्यो समय तब आयो, जब कार्ल मार्क्सले कम्युनिस्ट घोषणापत्र (१८४८) र दास क्यापिटल (१८६७) प्रकाशित गरे।



मार्क्सको विश्वास थियो कि इतिहास आर्थिक शक्तिहरूद्वारा सञ्चालित हुन्छ र निरन्तर वर्ग-संघर्षले यसको विशेषता निर्धारण गर्छ। त्यसैले संसारमा हुने हरेक घटना श्रमिक र पुँजीपतिबीचको आर्थिक संघर्षको प्रत्यक्ष वा अप्रत्यक्ष परिणाम हो। धर्मसमेत आर्थिक शक्तिहरूको उपज मात्र हो। पुँजीपतिहरूले वर्तमान जीवनमा श्रमिकहरूलाई आफ्नो शोषित अवस्थालाई चुपचाप स्वीकार गराउन परलोकमा दण्ड र इनामको शिक्षाको प्रयोग गर्छन्। यसैले मार्क्सले धर्मलाई "जनताको अफिम" भने। वर्ग-संघर्षको क्रममा धर्मलाई पूर्ण रूपमा निर्मूल पारिनुपर्छ भन्ने उनको धारणा थियो।

यी मार्क्सवादी विचारहरूको प्रभावमा साम्यवादले बाइबल, संगठित मण्डली, परमेश्वरको अस्तित्वमा विश्वास, परलोकको जीवन, मानिसको पाप, र परमेश्वरद्वारा प्रकट गरिएका नैतिक सत्यताहरूमाथि युद्ध छेड्यो। यी सबैको सट्टा उसले भौतिकवादी नास्तिकता र पृथ्वीमै मानिसले निर्माण गर्ने भविष्यको आदर्श समाजको आशा प्रस्तुत गऱ्यो। त्यस समाजमा प्रत्येक व्यक्तिले आफ्नो क्षमताअनुसार काम गर्नेछ र आफ्नो आवश्यकताअनुसार समाजबाट प्राप्त गर्नेछ भन्ने विचार अघि सारियो।

यसरी, साम्यवादमा शैतानले ख्रीष्टियन विश्वासको विकल्प मात्र होइन, भविष्यमा स्थापना हुने ईश्वर-शासित राज्यको नक्कली आशा पनि प्रस्तुत गऱ्यो।

साभार: What On Earth Is God Doing by Renald Showers

*(क्रमशः आगामी अंकमा)*

## तपाईंको बोली नुनले स्वादिलो छ कि खुर्सानीले पोल्ने?

*"तिमीहरूको बोली सधैँ अनुग्रहले भरिएको र नुनले स्वादिलो बनाइएझैँ होस्, ताकि तिमीहरूले प्रत्येक व्यक्तिलाई कसरी जवाफ दिनुपर्छ भन्ने जान्न सक।" (कलस्सी ४:६)*

यहाँ नुनले स्वादिलो बनाइएको भन्नुको अर्थ मधुर, हितकारी र मनोहर बोली हो—खुर्सानीले पोलेझैँ डस्ने, तिखो, चोट पुऱ्याउने वा कठोर बोली होइन। परमेश्वरले यो सन्देश कलस्सीको मण्डलीलाई मात्र होइन, आजका हरेक ख्रीष्टियनलाई पनि दिनुभएको हो। - God's Order

*"सबैभन्दा पहिले सबै मानिसहरूका निम्ति विन्ती, प्रार्थना र निवेदनहरू, साथै धन्यवादहरू चढाइऊन्; सारा भक्ति र इमानदारीमा शान्ति र चैनको जीवन बिताउन सकौं भनेर राजाहरू र उच्च अधिकारहरूका निम्ति चढाइऊन्...सबै मानिसहरूले मुक्ति पाऊन्, र सत्यको ज्ञानमा आऊन्"* (१ तिमोथी २:१-२,४)।

पूर्वी मधेशको वर्तमान अस्थिरतालाई नियन्त्रणमा ल्याउन राष्ट्रका उच्च अधिकारीहरूलाई अहिले बुद्धिको खाँचो छ। यस विषयलाई सार्वभौम प्रभुमा जाहेर गर्नु हाम्रो विशेषअधिकार मात्र होइन, जिम्मेवारी पनि हो।

## परमेश्वरको प्रेम

तर परमेश्वरले हामीप्रति आफ्नो प्रेम यसैमा प्रकट गर्नुहुन्छः हामी पापी हुँदा-हुँदै ख्रीष्ट हाम्रा निम्ति मर्नुभयो। (रोमी ५:८)

अनि निस्तारचाडको अघि येशूले यस संसारबाट पिताकहाँ जाने आफ्नो घडी आइपुगेको जानेर संसारमा भएका आफ्नाहरूलाई प्रेम गरेर तिनीहरूलाई अन्तसम्म प्रेम गर्नुभयो। (यूहन्ना १३:३)

आफ्ना साथीहरूका निम्ति आफ्नो प्राण अर्पण गरिदिनुभन्दा ठूलो प्रेम अरू कसैको हुँदैन। (यूहन्ना १५:१३)

र येशू ख्रीष्टबाट, जो त्यो विश्वासयोग्य साक्षी, मरेकाहरूबाट बौरिनेहरूमा जेठा र पृथ्वीका राजाहरूको शासक हुनुहुन्छ। उहाँलाई नै, जसले हामीलाई प्रेम गर्नुभयो, अनि आफ्नै रगतमा हामीलाई हाम्रा पापहरूबाट धुनुभयो। (प्रकाश १:५)



परमप्रभु यसो भन्दै टाढाबाट मकहाँ देखा पर्नुभएको छः अँ, अनन्त प्रेमले मैले तँलाई प्रेम गरेको छु; यसैकारण करुणाले मैले तँलाई खिचेको छु। (यर्मिया ३१:३)

## जीवन जिउने एउटै बाटो

पावल—जब उनी टार्ससका शाऊल थिए—प्रतिष्ठा, धनसम्पत्ति र शक्तिका धनी व्यक्ति थिए। तर दमस्कस जाने बाटोमा ख्रीष्टसँग भएको उनको भेटले उनको जीवनको सम्पूर्ण दिशा नै परिवर्तन गरिदियो। त्यस दिनदेखि उनको जीवनको उद्देश्य यही भयोः *“मेरा निम्ति जिउनु ख्रीष्ट हुनुहुन्छ, र मर्नुचाहिँ लाभ हो।”* (फिलिप्पी १:२१)

हरेक विश्वासीलाई पूर्ण-समय ख्रीष्टियन सेवकाइमा लाग्न बोलाइँदैन। तर हरेकलाई आफ्नो जीवनमा ख्रीष्टलाई सर्वोच्च स्थान दिन आज्ञा गरिएको छ। यसको अर्थ, हाम्रो मन र हृदय सधैं ख्रीष्टतर्फ केन्द्रित हुनुपर्छ, ताकि पवित्र आत्माद्वारा उहाँको इच्छा हाम्रो जीवनमा पूरा हुन सकोस्।

*“किनकि मेरा निम्ति जिउनु ख्रीष्ट हुनुहुन्छ।”* यदि एक क्षणका लागि पनि हाम्रो दृष्टि उहाँबाट हट्यो भने, शैतानले फाइदा उठाउँछ। म यो अनुभवबाट जान्दछु। के तपाईंलाई पनि यो थाहा छ? - DEM

*छोराछोरीका लागि आमाबुबाको सबैभन्दा ठूलो लगानी पैसा होइन—समय हो।

**प्रभु येशू ख्रीष्टको क्रूसमा** यी दुवै कुरा प्रकट छन् — पहिलो, मानिस पापमा कति गहिरोसम्म पतित हुन सक्छ; र दोस्रो, त्यसै मानिसलाई बचाउन परमेश्वरको प्रेम कति गहिरोसम्म पुग्छ। - Adapted from H. C. Trumbull

## अनन्त जीवन पाउने कसरी?

### आफ्नो पाप मानिलिनुहोस्

हामीसँग पाप छैन भनी हामी भन्छौं भने हामीले आफैलाई धोका दिन्छौं, र हामीमा सत्यता हुँदैन। (१ यूहन्ना १:८)

### पश्चात्ताप गर्नुहोस्

म तिमीहरूलाई साँचो भन्दछुः होइन; तर तिमीहरूले पश्चात्ताप गरेनौ भने तिमीहरू सबै त्यही प्रकारले नाश हुनेछौ। (लूका १३:३)

### विश्वास गर्नुहोस्

किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो कि उहाँले आफ्नो एकमात्र जन्माइएको पुत्रलाई दिनुभयो; उहाँमाथि विश्वास गर्ने कोही पनि नष्ट नहोस् तर उसले अनन्त जीवन पाओस्। (यूहन्ना ३:१६)

### स्वीकार गर्नुहोस्

यदि तिमीले आफ्नो मुखले प्रभु येशूलाई स्वीकार गर्‍यौ भने, र परमेश्वरले उहाँलाई मरेकाहरूबाट बौराएर उठाउनुभयो भनी आफ्नो हृदयमा विश्वास गर्‍यौ भने तिमीले मुक्ति पाउनेछौ। किनकि धार्मिकताका निम्ति हृदयले विश्वास गरिन्छ, र मुक्तिका निम्ति मुखले स्वीकार गरिन्छ। (रोमी १०:६-१०)

## वर्तमान समयबारे भविष्यवाणी

परमेश्वरले शताब्दियौं अघि भन्नुभयो, *“...यस्तो समय आउनेछ, जब तिनीहरूले खाँटी शिक्षा सहनेछैनन्, तर चिलाउने कानहरू भएका हुनाले तिनीहरूले आफ्नै अभिलाषाहरूअनुसार आफ्ना निम्ति शिक्षकहरूको थुप्रो लाउनेछन्; अनि तिनीहरूले आफ्ना कानहरू सत्यताबाट फर्काउनेछन् र दन्त्यकथाहरूतिर लगाउनेछन्।”* (२ तिमोथी ४:३-४)

सत्यलाई त्याग्नु भनेको दुःखद भ्रम, पाप र अन्ततः अनन्त दण्डलाई रोज्नु हो।

प्रकाशकः नारायणगढ चर्च, लायन्स चोक, नारायणगढ, भरतपुर - २ ✦ 9855071310